धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.:०८०/८१
च.न.

मितिः २०८०/१०/१६

## सुक्ष्म बर्गिकृत नकुहिने सामानको बिक्रीका लागि विद्युतीय बोलपत्र वा हार्ड कपी आव्हान सम्बन्धी सूचना। (प्रथम पटक प्रकाशित मितिः २०८०।१०।१७)

धनगढी उप-महानगरपालिका वडा न. १, २, ३, ४, ५, ६, ७, ८ र १३ बाट संकलित नकुहिने फोहरको धनगढी उप-महानगरपालिका वडा न.२ मा रहेको सुक्ष्म वर्गीकरण केन्द्रमा ल्याई सुक्ष्म वर्गीकरण पश्चात भण्डारण भएको सामग्री बिक्री गर्नु पर्ने भएको हुंदा ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी न्यूनतम बढाबढ अंक कायम गरी विद्युतीय बोलपत्र वा हार्ड कपी आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**सूचनाका शर्तहरू**

१. विद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा. बा. बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा वा हार्ड कपी पेश गर्नेले राजश्व शाखाबाट नगद रू. ३०००।– (रुपैयाँ तीन हजार) पछि फिर्ता नहुने गरी जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ।

२. बोलपत्र ३१ औं दिनको १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ। सोहि दिनको १२:३० बजे खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ। उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ।

४. बोलपत्रमा दरको अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन।

५. यस शर्तमा लेखेका विषयहरु यसै बमोजिम र छुट भएका विषयहरु बोलपत्रमा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र प्रचलित कानून बमोजिम हुनेछ। साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

६. सूक्ष्म बर्गिकरण केन्द्रमा रहेको मौज्दात सामान निरीक्षण गरी बोलपत्र पेश गर्न हुन सूचित गरिन्छ र हाल रहेको मौज्दात परिमाण यस प्रकार रहेको छ। झुरा कागज १ टन, कपी ५ टन, कार्टुन गत्ता २८ टन, प्लाष्टिक एल डी ४ टन, प्लाष्टिक पिपि १ टन, प्लास्टिक बोतल १० टन , गुडिया प्लाष्टिक ५ टन, कचरा २ टन, रस्सी ५०० के.जी., टिन क्यान ९०० के. जी,आल्मुनियम १२० के. जी., कपडा १ टन, फुटेको सेतो सिसा ५६१ के. जी., फुटेको रातो/हरियो ३६३, फुटेको (मिश्रित) ५ टन, अन्य सग्लो ८८४८ रुस्लन, खुकुरी, लगायतका ३२ टन, टायर ५०० के.जी., ट्यूब ५०० के.जी.| उक्त सामग्रीहरुको न्युनतम बढाबद अंक मु. अ. क. बाहेक १३,५१,३९५ (अक्षरुपी तेध्र लाख एकाउन्न हजार तीन सय पन्चानब्बे मात्र) कायम गरिएको छ| यस परिमाण सामान थप/घट हुन सक्ने छ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको रकमको १० प्रतिशत यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३००००००२।– जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन



प्रमुख प्रशासकीय अधिकृत
२०८०/१०/१६

# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.:०८०/८१

च.न.

मितिः २०८०/१०/१६

म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ। बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp मार्फत सहभागी हुनु पर्नेछ।

८. यस कार्यालयको महालेखा परीक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन। यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परीक्षकको प्रतिवेदनबाट हेर्न समेत सूचित गरिन्छ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१०. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानून बमोजिम हुनेछ।

११. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ।

२०८०/१०/१६